# चौविसे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## राजारानी, धनकुटा

प.सं. :- २०८०/८१ कोशी प्रदेश, नेपाल
च.नं. :-

चौविसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजारानी, धनकुटा २०७३

### समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना
**(प्रकाशित मितिः२०८०/०७/०१)**

यस चौविसे गाउँपालिकाले प्रदेश सरकार, स्थानीय सरकार र करुणा फाउण्डेशन नेपाल सँगको त्रीपक्षिय साझेदारीमा सञ्चालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको लागि **८ वटै वडा हेर्ने गरी** तपशिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले आवश्यक न्यूनतम योग्यता पुगेका, **मोटरसाइकल र स्कुटर चलाउन सक्ने** इच्छुक योग्य नेपाली नागरिकहरुबाट दरखास्त फारम भर्न आह्वान गरिएको छ । चौविसे गाउँपालिकाले तोकेको दरखास्त फारममा भर्नु पर्ने सम्पूर्ण विवरणहरु भरी चौविसे गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।

रीत नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन.। साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरी दरखास्त फारम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

तपसिलः

**१. विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १. | ३-०८०/८१ | समुदायमा आधारित पुनर्स्थापना (सिविआर) सहजकर्ता **(फिल्ड कर्मचारी)** | १ |

२. सेवाको किसिमः अस्थायी (करार सेवा)

३. आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभवः

(क) मान्यताप्राप्त शिक्षण संस्थाबाट **हेल्थ-असिस्टेन्ट / सि.एम.ए / अ.न.मी.** तालिम उत्तीर्ण गरेको ।

(ख) कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।

(ग) स्वास्थ्य र अपाङ्गताको क्षेत्रमा काम गरेको अनुभव भएको ।

(घ) **मोटरसाइकल/स्कुटरको लाइसेन्सको** प्रतिलिपि ।

४. तलव, सुविधा तथा अन्य सेवा शर्तः करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

**५. उम्मेद्वारको उमेरः**

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरुको हकमा दरखास्त दिने अन्तिम मिति (२०८०/०७/२०) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० बर्ष ननाघेको ।

(ख) पुरुषको हकमा दरखास्त दिने अन्तिम मिति (२०८०/०७/२०) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको ।

६. **उम्मेद्वारको छनौट विधिः** लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण र प्रत्यक्ष अन्तर्वार्ता ।

७. **फारम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः** चौविसे गाउँपालिकाको कार्यालय राजारानी धनकुटाबाट दरखास्त फारम प्राप्त गरी उक्त फारम भरी चौविसे गाउँपालिकाको कार्यालयमा बुझाउनु पर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

८. **परीक्षा दस्तुर**: रू. ५००।-(पाँच सय रुपैयाँ मात्र)।

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया**: चौविसे गाउँपालिकामा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फारम साथ पेश गर्नु पर्नेछ।

१०. **दरखास्त फारम भर्ने मिति**: मिति २०८०/०७/०१ देखी २०८०/०७/२० सम्म रहनेछ।

११. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान**: दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको ३ दिनभित्र टेलिफोन गरी जानकारी गराइनेछ।

१२. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाण-पत्रहरुका सम्बन्धमा दरखास्त बुझाउने अन्तिम मिति (२०८०/०७/२०) सम्म जारी भएकोलाई मात्र मान्यता दिइनेछ।

१३. **विशेष ब्यवस्था**: समुदायमा आधारित पुनर्स्थापना सहजकर्ताको छनौट पश्चात समुदायमा आधारित पुनर्स्थापना तालिम हुनेछ।

१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार चौविसे गाउँपालिकालाई हुनेछ।

१५. दरखास्त फारम भर्दा आउने अस्पष्टताको सम्बन्धमा चौविसे गाउँपालिकाको कार्यालयको टेलिफोन नं **०२६-४११०३३, ९८५२०६२४०२** मा सम्पर्क गरी बुझ्न सकिनेछ।

**पेश गर्नुपर्ने कागजातहरु**

क. नागरिकताको प्रमाणित प्रतिलिपि।

ख. न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि।

ग. अनुभवको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि (भएमा)।

घ. सम्बन्धित गाउँपालिकामा स्थायी बसोबासको प्रमाणित प्रतिलिपि।

ङ. अपाङ्गता भएको भए अपाङ्गता परिचय-पत्र प्रतिलिपि।

च. अपाङ्गता भएको व्यक्तिको एकाघर परिवारको सदस्य भए नाता प्रमाणित प्रमाण-पत्र प्रतिलिपि।

छ. **मोटरसाइकल/स्कुटरको लाइसेन्सको** प्रतिलिपि।

ज. पासपोर्ट साईजको फोटो २ प्रति।

**नोटः उम्मेद्वारले लिखित परीक्षा उतिर्ण गरी अन्तर्वार्ता दिन आउँदा सम्पूर्ण कागजातको सक्कल साथमा लिई आउँनु पर्नेछ।**

पर्शुराम दाहाल
प्रमुख प्रशासकीय अधिकृत